आज मिति २०७६ साल चैत्र १६ गते आईतवारको दिन दिउँसो ४:३० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| ११. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १२. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १३. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १४. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १५. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १६. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १७. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| १८. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| १९. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २०. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २१. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |
| २२. | श्री भगवती बोहरा | नर्सिंग निरिक्षक | | आमन्त्रित |
| २३. | श्री तप्त बहादुर चनारा | हेल्थ असिस्टेन्ट | | आमन्त्रित |
| २४. | श्री टेक बहादुर देउवा | प्र.ना.नि. | | आमन्त्रित |
| २५. | श्री भेषजंग शाह | अधिकृत छैठौ | | आमन्त्रित |

(घ) नलगाड न.पा. वडा नं. ७ को त्रिभुवन प्रा.वि. दल्लीमा क्वारेन्टाईन स्थापना भएकोले उक्त स्थानमा रहने शंकास्पद विरामीहरुको खान बस्नको व्यवस्था गर्ने ।

(ङ) शंकास्पद विरामीहरुलाई नजिकको पायक पर्ने आईसोलेसनको लागि तोकिएको क्षेत्रमा पठाउन व्यवस्था गर्ने ।

(च) जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको आपसी समन्वय र सहकार्यमा शंकास्पद विरामीहरुलाई क्वारेन्टाईनमा राख्ने व्यवस्था गर्ने ।

(छ) विरामीहरुको उद्धार तथा सहजीकरणको लागि नगरपालिकामा नगरस्तरीय तिव्र प्रतिकार्य टोलि (RRT) गठन गर्ने ।

(ज) वडा स्तरमा विरामीहरुको उद्धार तथा सहजीकरणको लागि वडास्तरिय तिव्र प्रतिकार्य टोलि (RRT) गठन गर्ने ।

<u>निर्णय नं. २</u>: नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथाममा खटिने स्वास्थ्यकर्मीको मनोवल उच्च राखी सेवा प्रवाहमा सहजता ल्याउन दोहोरो नपर्ने गरी शुरु तवल स्केलको ५० प्रतिशत जोखिम भत्ता उपलव्ध गराउने र स्वास्थ्य संस्थामा खटिई काम गर्ने प्रत्येक स्वास्थ्यकर्मीको मासिक रु. ३,०००।० अक्षरुपी तीन हजार मात्र जोखिम भत्ता उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>: नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथाममा खटिने सुरक्षाकमीको मनोवल उच्च राखि सेवा प्रवाहमा सहजता ल्याउन प्रतिदिन खाजा खर्च वापत २५०।० अक्षरुपी दुईसय पचास मात्र को दरले खाजा खर्च उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ४</u>: नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथाममा खटिने जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको मनोवल उच्च राख्न रु. ५,००,०००।० अक्षरुपी पाँचलाखको मात्र जीवन विमा वापतको रकम उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ५</u>: नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथाममा खटिने जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको मनोवल उच्च बनाउन विरामी भएमा रु. ५०,०००।० सम्मको अक्षरुपी पचास हजार मात्र औषधी उपचार खर्च उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>निर्णय नं. ६</u>: विश्वभरी महामारीको रुपमा फैलिएको र नेपालमा समेत जोखिम रुपमा देखापरेको नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथामको लागि वडा अध्यक्षको संयोजकत्वमा तपशिल बमोजिम वडा स्तरिय तिव्र प्रतिकार्य टोलि (RRT) गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. वडा अध्यक्ष -संयोजक

ख. वडा सदस्यहरु -सदस्य

ग. वडा सचिव -सदस्य

घ. विद्यालयको प्रतिनिधि -सदस्य

ङ. स्थानीय रेडक्रसको प्रतिनिधि -सदस्य

च. सुरक्षा निकायको प्रतिनिधि -सदस्य

छ. स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

**निर्णय नं. ७:** विश्वभरी महामारीको रुपमा फैलिएको र नेपालमा समेत जोखिम रुपमा देखापरेको नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथामको लागि नगर प्रमुखको संयोजकत्वमा तपशिल बमोजिम नगरस्तरिय तिव्र प्रतिकार्य टोलि (RRT) गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. नगर प्रमुख -संयोजक

ख. नगर उप प्रमुख -सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ. वडा अध्यक्षहरु सबै -सदस्य

ङ. विद्यालयको प्रतिनिधि -सदस्य

च. स्थानीय रेडक्रसको प्रतिनिधि -सदस्य

छ. सुरक्षा निकायको प्रतिनिधि -सदस्य

ज. उद्योग बाणिज्य संघको प्रतिनिधि - सदस्य

झ. विषयगत शाखा प्रमुखहरु - सदस्य

ञ. स्वास्थ्य शाखाको प्रमुख - सदस्य सचिव

**निर्णय नं. ८:** नोभल कोरोना भाईरस (COVID १९) नियन्त्रण तथा रोकथामको लागि नलगाड नगरपालिकाको विपद व्यवस्थापन कोषमा रु. २१,००,०००।० अक्षरुपी एक्काईस लाख मात्र विभिन्न योजना तथा कार्यक्रमबाट कटौति गरी कोषमा रकम जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ९:** विश्वभरी महामारीको रुपमा फैलिएको र नेपालमा समेत जोखिम रुपमा देखापरेको नोभल कोरोना भाईरस (COVID १९) को नियन्त्रण तथा रोकथामको समयमा खाद्यान्न अभाव नहोस

भनी नलगाड नगरपालिका भित्र स्थायी बसोवास गर्ने भुमिहिन दैनिक ज्यालादारी गरी जिविकोपार्जन गर्ने मजदुरलाई प्रति घर १ कट्ठाको दरले राहत स्वरुप चामल उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. १०:** विश्वभरी महामारीको रुपमा फैलिएको र नेपालमा समेत जोखिम रुपमा देखापरेको नोभल कोरोना भाईरस (COVID १९) को नियन्त्रण तथा रोकथामको समयमा कार्यालय, संघसंस्था व्यापार, व्यवसाय सुचारु नहुने हुँदा समग्र मुलुकको अर्थतन्त्रमा समेत असर पर्ने भएकोले सेवा प्रवाह गर्ने, व्यापार, व्यवसाय र व्यक्तिगत प्रयोजनको लागि घरभाडामा लिई बसेका व्यक्तिहरुको लागि एक महिनाको घरभाडा छुटको लागि यस नलगाड नगरपालिका भित्रका घरधनीहरुसंग अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

टेक बहादुर रावल
नगर प्रमुख

नि.प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३